# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## जनता सँग अध्यक्ष कार्यक्रमको लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०६/२५**

स्थानीय सरकार प्रति जनताको अपेक्षा र चाहनाको अभिबृद्धि संगै जनताका आधारभूत आवश्यकता परिपुर्ति गर्नेतर्फ स्थानीय सरकारले विविध कार्यक्रम संचालन गरिरहेको छ । माण्डवी गाउँपालिकाले जनताका समस्या, विकासका आवश्यकता, भोगिरहेका कठिनाईहरुलाई सहज, सरल र छिटो छरितो प्रभावकारी ढंगले संचालन गर्नका लागि आफ्ना नीति तथा कार्यक्रमलाई जनमुखी वनाउदै लगेको छ । स्थानीय सरकार र जनता वीचको सम्बन्ध सुमधुर बनाउन जनतालाई स्थानीय सरकार प्रति विश्वास अभिबृद्धि गर्न तथा जनताको आशा र भरोसाको केन्द्रको रुपमा विकास गर्न, जनता र स्थानीय सरकार वीच आपसी समन्वय र सहकार्य वृद्धि गर्न माण्डवी गाउँपालिकाको गाउँ सभाबाट आर्थिक वर्ष २०७६/०७७ देखि जनतासँग अध्यक्ष कार्यक्रम स्वीकृत भएकोले सो कार्यक्रमलाई पारदर्शी प्रभावकारी/जनतालाई प्रत्यक्ष फाइदा पुग्ने योजना/कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोगगरी **"जनता सँग अध्यक्ष कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७६"** तयार पारी लागु गर्न आवश्यक भएकाले यो कार्यविधि बनाई लागु गरिएको छ । माण्डवी गाउँपालिकाको आ.व. २०७८/०७९ का लागि जनता संग सरोकारका विषयलाई तत्कालै सम्बोधन गर्ने उदेश्यका साथ जनता सँग अध्यक्ष कार्यक्रम तय गरि बजेट समेतको व्यवस्था गरेको छ । विश्वब्यापी फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को महामारी र यसको संक्रमणबाट विश्वजगत समेत आक्रान्त भएको सन्दर्भमा माण्डवी गाउँपालिका समेत अछुत रहन सकेन । कोभिड-१९ रोगका कारण विश्वब्यापी अर्थ व्यवस्था धरासायी हुदै गएको र कैयौं व्यक्तिले रोजगारी गुमाई रहेको यथार्थ हाम्रो सामु छ । बैदेशिक रोजगारीको क्रममा भारत तथा तेश्रो मुलुकमा यस गाउँपालिकाबाट करिब ३००० व्यक्ति गएको महामारी रोगका कारण केहि फर्किसकेका र बाँकि पनि फर्कन चाहना राखेका छन । उल्लेखित सन्दर्भमा यस गाउँपालिकामा स्वदेश तथा विदेशबाट फर्केका नागरिक तथा यस गाउँपालिकाका बेरोजगार व्यक्ति समेतलाई समेट्ने गरि **"जनता सँग अध्यक्ष कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७६"** को आयोजना कार्यन्वयन सम्बन्धि व्यवस्था अनुसार कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिहरुले तपसिल बमोजिमका कागजात सहित आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, रोजगारी सिर्जना गर्ने, बेरोजगारी घटाउने लगायत कार्यविधिमा उल्लेख भएका क्षेत्रहरुमा पर्ने ५० हजार देखि ५ लाख सम्मका आयोजनाहरु माग गरि सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति२०७८/०७/०८ गते) भित्र माण्डवी गाउँ कार्यपालिकाको कार्यालयमा तथा वडा कार्यालयमा समेत कार्यक्रम माग सहितको प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातः**

१. निवेदन

२. कार्य योजना, डिजाइन तथा लागत अनुमान सहित विस्तृत प्रस्ताव ।

३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

४. प्रस्तावकको लागत साझेदारी सहितको प्रतिबद्धता पत्र ।

५.आयोजना संचालन हुने स्थानको जग्गाको लालपुर्जा वा जग्गा भाडा लिएको भए कम्तिमा ५ वर्ष सम्म करार सम्झौता पत्र ।

६. माग गरिएका क्रियाकलापहरु मध्ये पुँजीगत/पूर्वाधार इन्जिनियरिङ डिजाइन, औजार उपकरणहरुको स्पेसिफिकेशन सहित अनुमानित लागत खर्च पेश गर्नुपर्नेछ ।

शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत